## सूचना-३

## आयकर (चौधौं संशोधन) नियमावली, २०८०

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "आयकर (चौधौं संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली संवत् २०८० साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **आयकर नियमावली, २०५९ को नियम २३ मा संशोधनः** आयकर नियमावली, २०५९ को नियम २३ को उपनियम (२) मा रहेका "स्थायी नम्बर" भन्ने शब्दहरूको सट्टा "स्थायी लेखा नम्बर" भन्ने शब्दहरू राखिएका छन्।

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।